प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/२५
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ४९३ , ललितपुरमा ४३, भक्तपुरमा ३३, चितवनमा १८, मकवानपुरमा ३, दोलखामा ३, रामेछापमा २, काभ्रेपलान्चोकमा २, सिन्धुपाल्चोकमा १, सिन्धुलीमा १ र नुवाकोटमा १ गरी जम्मा ६०० जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय उपनगर /महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- बुढानिलकण्ठ-४, काठमाण्डौ निवासी ५९ वर्षिय पुरूषको भाद्र २५ गते बिहान ६:४४ बजे शसस्त्र प्रहरी बल अस्पताल, बलम्बुमा निधन भएको छ । भाद्र १४ गते स्वाब नमुना संकलन गरि गरिएको परिक्षणमा कोरोना पुष्टी भएपछि अस्पताल भर्ना भएका निजको उपचारका क्रममा निधन भएको छ । काठमाण्डौ-४, धुम्बाराही निवासी ५५ वर्षिया महिलाको त्रि. वि. शिक्षण अस्पताल, महाराजगञ्जमा भाद्र २४ गते साँझ ६:४५ मा निधन भएको छ। स्वासप्रस्वासमा समस्या भएका कारण मेघा अस्पताल भर्ना भएकी निजलाई स्वास्थ्यमा थप जटिल भएपछि त्रि. वि शिक्षण अस्पताल रिफर गरिएको थियो । त्यस्तै काठमाण्डौ-२१, भोटेबहाल निवासी ८३ वर्षिय पुरूषको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भाद्र २४ गते निधन भएको छ । हृदयघात भई भाद्र २४ गते अस्पताल भर्ना भएका निजको सोही दिन कोरोना पुष्टी भएको थियो (निज क्षयरोगले समेत बिरामी हुनुहुन्थ्यो) ।

- भरतपुर-११, चितवन निवासी ६२ वर्षिय पुरुषको चितवन मेडिकल कलेज, भरतपुरमा मिति २०७७ भदौ २५ गते दिउसो १२:२० बजे निधन भएको छ । न्यूमोनिया तथा स्वासप्रस्वासमा समस्या भइ भदौ १८ गते अस्पताल भर्ना भएको निजको भदौ २१ गते नमूना संकलन गरी परिक्षण गर्दा भदौ २२ चितवन मेडिकल कलेजको प्रयोगशालाबाट कोरोन पुष्टी भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको छब्बीस प्रतिशत (२५.९८%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ५०४६५ (१००%) | १३११५ (१००%) |
| निको भएको | ३५७०० (७०.७%) | ६००७ (४५.८%)* |
| उपचाररत | १४४४८ (२८.७%) | ७०१४ (५३.५%)* |
| मृत्यु भएको | ३१७ (०.६%) | ९४ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२५ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२५ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९४८७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५४६ जना बस्दै आउनुभएको र १३१७ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३१७९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३४१६ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ७८३५० जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ४९३ | ८११० |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ४३ | १०५६ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | १२८ | ६६१६ | ३३ | ८५६ |
| रसुवा | २५५ | १७ | ० | ३५ | १ | ८२६ | | २० |
| नुवाकोट | ९५३ | ६९ | ४ | ४० | ३० | ३८४३ | १ | १०९ |
| धादिङ | ३१५ | ७ | २३ | ९२ | ३८ | २८३७ | | २८८ |
| चितवन | २४६५ | ६४ | ५०७ | ३५५ | ५८५ | १५४८३ | १८ | ११२० |
| सिन्धुली | ३९२ | १६ | ४ | ४३ | १० | २५८० | १ | ९७ |
| मकवानपुर | ४०७ | ३१ | ४ | २१७ | ९५ | ७०४४ | ३ | ८०७ |
| रामेछाप | ४९० | ६५ | ४९ | ९८ | १२ | १३२९ | २ | १०६ |
| दोलखा | ९८६ | ४७ | ४ | २७ | ८ | २०१४ | ३ | ९३ |
| काभ्रेपलान्चोक | ९०९ | ४९ | १०९ | २५९ | १२३ | ३४७७ | २ | ३२९ |
| सिन्धुपाल्चोक | ७८९ | ३१ | १०१ | ५६ | ४ | ३४७८ | १ | १२४ |
| जम्मा | ९४८७ | ५४६ | १३१७ | ३१७९ | ३४१६ | ७८३५० | ६०० | १३११५ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | ३६०३ | २३९ | १३८ | ३४ जना: भक्तपुर-५, फलोअप-२९ | १०४ | |

VBDRTC, हेटौंडास्थित प्रदेश प्रयोगशालामा प्राप्त नमुना परिक्षण हुने क्रममा छ ।

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२५

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२५

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/
**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः** https://covid19.mohp.gov.np/#/
**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/
**-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np
**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates
**-विश्व स्वास्थ्य संगठन/नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई